मितिः-२०८१/०२/३१

समयः- अपरान्ह १ वजे

स्थानः- आठविसकोट नगर कार्यपलिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको ९४ औं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री रवि के.सी.को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा वस्यो । उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

| हस्ताक्षर | क्र.सं. | पदाधिकारीहरुको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री मणिराज शाह | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री ख़केन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | श्री रत्ने कामी | कार्यपालिका सदस्य | |
| | २६ | श्री राजेश गौतम | इन्जिनियर | |
| | २७ | श्री गणेश वहादुर थापा | लेखापाल | |
| | २८ | श्री मानबहादुर वटाला | कम्प्युटर अपरेटर | |

Scanned with CamScanner

## [illegible]औं नगर कार्यपालिका बैठक (मिति २०८१/०२/३० गते)का निर्णयहरु :-

१. जाजरकोट भूकम्प पश्चात यस नगरपालिकामा कायम भएका भूकम्प प्रभावित लाभग्राहीहरुले अस्थायी आवास निर्माणको पहिलो किस्ता वापतको अनुदान प्राप्त गरिसकेको र दोस्रो किस्ता वापतको रकम समेत नगरपालिकामा प्राप्त भइसकेको सन्दर्भमा सबै वडा कार्यालयहरुले तदारुपताका साथ दोस्रो किस्ता वापतको रकम निकासा गर्न प्रक्रिया अगाडि बढाउने।

२. विपदको उच्च जोखिमता र लगत्तै शुरु हुन थालेको मनसुनलाई मध्यनजर गर्दै यस आठविसकोट नगरपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपदको उद्दार कार्यलाई छिटोछरितो र प्रभावकारी ढंगले संचालन गर्न नगर प्रहरी असइ श्री खम्बु बाँठाको नेतृत्वमा चौविसै घन्टा सम्पर्क र परिचालन हुनेगरी **विपद सम्पर्क केन्द्र** स्थापना गर्ने र विपदका लागि आवश्यक पर्ने रकम प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने।

३. यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम निर्माण गर्ने प्रक्रिया शुरु भइसकेकाले उक्त नीति तथा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन विभिन्न व्यक्ति, सरकारी तथा गैरसरकारी संघ संस्था, राजनीतिक दल तथा अन्य सरोकारवाला निकायसमेतबाट राय सुझाव माग गर्ने।

४. यस नगरपालिकामा आर्थिक वर्ष २०८१/८२ मा संघबाट प्राप्त हुने बजेट तथा कार्यक्रम र आन्तरिक आय समेतको निर्क्योल भइसकेको सन्दर्भमा लगत्तै प्राप्त हुने प्रदेश सरकारको अनुदान बजेट समेतलाई मध्यनजर गर्दै विभिन्न व्यक्ति, संघ संस्था र निकायबाट प्राप्त भएका राय सुझावसमेतलाई समावेश गरी उत्पादन, रोजगार, शिक्षा तथा स्वास्थ्य विषयमा केन्द्रित गरेर आ. व. २०८१/८२ को नीति तथा कार्यक्रम तय गर्ने।

५. श्रेष्ठ कन्स्ट्रक्सन कम्पनी हेटौडा प्रा. लि. का प्रतिनिधि श्री भीमराज के सी ले दिएको निवेदन अनुसार भेरी करिडोर अन्तरगत रिम्ना-तल्लुबगर सडक खण्डको सडक स्तरोन्नती तथा कालो पत्रेसमेतको ठेक्का उक्त कम्पनीले प्राप्त गरेकाले उक्त ठेक्का सडक निर्माण प्रयोजनका लागि मात्र कार्य गर्नेगरी उक्त कम्पनीका नाममा रुकुम (पश्चिम) जिल्ला आठविसकोट नगरपालिका वडा नं. १४ छेपारेमा क्रसर खोल्नका लागि अस्थायी अनुमति दिने।

६. भीरबाट लडेर शक्त घाइते भएकी आठविसकोट नगरपालिका वडा नं. १ निवासी वर्ष ३५ की बास्मति दमाईको मिति २०८०/०५/१० गते नेपाली सेनाको हेलिकप्टरबाट हवाई उद्दार गरी शीघ्र उपचारका लागि सुर्खेत पुर्यायवापतको हवाई ढुवानी रकम रु २,७३,०५६/- अक्षरुपी दुई लाख त्रिहत्तर हजार छपन्न रुपैया मात्र को भुक्तानी आठविसकोट नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्ने।

७. आठविसकोट नगरपालिकाको सडक मर्मत संभारका लागि सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम रु. ५२ लाख र त्यसको ३० प्रतिशतले हुन आउने रकम रु. २२ लाख ३० हजार नगरपालिकाले व्यहोर्ने गरी जम्मा बजेट रु ७२ लाख ३० हजार रकमको परिधिमा रही आठविसकोट नगरपालिका वडा नं. ३ अन्तर्गतका सडक स्तरोन्नति गर्ने कार्य भइरहेकोले सो कार्य अनुमोदन गर्ने

८. आठविसकोट नगरपालिका वडा नं १ को पाताकुनादेखि बारिङ्गे सडक निर्माणको लागि रु. २५,००,०००/- विनियोजन गर्ने।

९. Construction of office building of Aathbiskot Municipality Contract No. : AMO/ NCB/W-5/2078/079 बमोजिम ठेक्का सम्झौता भइ निर्माण कार्य भइरहेको यस नगरपालिकाको प्रशासकीय भवनको आ. व. २०७९/८० मा वील भुक्तानी बढी हुनगइ असुल भएको रकम रु. ४२,५९,५४७/- बराबरको निर्माण कार्य उक्त कम्पनीले सम्पन्न गरिसकेकाले सो वील बमोजिमको रकम भुक्तानी दिने।

१०. आ. व. २०८०/८१ को मुख्यमन्त्री योजना अन्तरगत आठविसकोट नगरपालिका वडा नं १२ को जालछेरा अरबारे लामपूजा सडक मर्मत तथा स्तरोन्नति योजना जाजरकोट भूकम्पका कारण विशेष परिस्थिति सिर्जना भइ राहत उद्दार लगायतका कार्यका लागि तत्काल बाटो आवश्यक परेको र व्यक्तिले गर्न नसक्ने अवस्था सिर्जना भइ मेसिन लगाई सो कार्य सम्पन्न गरेकाले उक्त कार्यको भुक्तानी दिने।

११. म्याद समाप्त भइसकेका सामुदायिक विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिहरुको पुनर्गठन यही मिति २०८१ असार मसान्तभित्र गरिसक्ने।

१२. शैक्षिक प्रशासनमा गुणस्तरीयता र जवाफदेहिता ल्याउन सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुसँग शिक्षा युवा तथा खेलकूद शाखाले सेवा करार सम्झौता गर्ने।

१३. आ. व. . २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि वडा कार्यालय र विषयगत शाखालाई बजेट सिलिङ प्रदान गरी कार्यक्रम माग गर्ने।

२०८१/०२/३०

मणि राज शाह

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner